आ.व. ०८१/८२ को तेस्रो बैठक

आज मिति २०८१ साल पौष ०७ गते सोमबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पुर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री सन्देश कुमार साम्सोहाङ | कार्यावाहक वडाध्यक्ष | ९८०४९९४६४० | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९६८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री अभिषेक घिमिरे | सदस्य-सचिव | ९८५२६६०४६० | |

**अन्य**

शिव कुमार काम्बाङ, प्रशासन शाखा

शान्ता लिम्बु, का.स.

निर्णयहरुः

निर्णय नं.१

यस गाउँपालिका, गाउँकार्यपालिकाको अघिल्लो बैठकहरुको निर्णयहरुको कार्यान्वयनको स्थितिबारे प्र.प्र.अ. श्री अभिषेक घिमिरेबाट बैठकमा जानकारी भयो साथै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-२

यस गाउँपालिकाको क्षेत्रबाट बग्ने कावेली खोला र तमोर खोलाबाट ढुङ्गा, गिटी बालुवा उत्खनन तथा संकलनका लागि IEE तयार गर्न म्याग पाई टेक इन्टरनेशनल प्रा.लि. लाई कार्यादेश उपलब्ध गराइएकोमा निजले IEE प्रतिवेदन तयार गरि पेश गरेको हुँदा उक्त प्रतिवेदन स्वीकृत गरी हार्ड कपीबाट १५ दिने सूचनामार्फत ठेक्का आव्हान गर्ने निर्णय सर्वसहमतिले गरियो।

निर्णय नं.-३

कल्प इम्पावार उमेन नेपालको मितिः २०८१/०८/१३ को पत्रबाट सि लिङ्स आइकन कार्यक्रममा आर्थिक सहयोग गरिदिन अनुरोध भई आए बमोजिम सहयोगी निकायको रुपमा रु. २०,०००।— (अक्षरेपी बिस हजार मात्र।) विविध शिर्षकबाट व्ययभार हुने गरी सहयोग गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-४

श्रम बैंक सञ्चालन तथा व्यावस्थापन कार्यविधि, २०८१ स्वीकृत गरी यस गाउँपालिकाभित्रका बेरोजगार श्रमिकहरुको अभिलेखिकरण गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-५

आ.व.०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रमको क्रम संख्या नं. ७७ मा ५० प्रतिशत अनुदानमा राँगो खरिद तथा ढुवानी हुनु पर्नेमा अन्यथा भएको हुँदा आगामी गाउँसभाबाट अनुमोदन हुने गरी योजनाको नाम संशोधन गर्ने निर्णय सर्वसहमतिले गरियो।

निर्णय नं.-६

थुम्वेदिन स्वास्थ्य चौकी र तिरिङ्गे स्वास्थ्य चौकीबाट फर्निचर निर्माण गरि भुक्तानीको लागि पेश भएको बिल भरपाई बराबरको रकम फर्निचर तथा फिक्चर्स शिर्षकबाट भुक्तानी दिने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-७

सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ र गर्भवती आमाको लागि आयोडिन प्रोटिन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ आवश्यक संशोधन सहित पारित गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-८

यस गाउँपालिकामा रिक्त रहेको देहाय बमोजिमको पद पदपुर्तिको लागि प्रदेश लोक सेवा आयोगमा माग आकृति फारम भरी पठाइसकेको हुँदा, प्रदेश लोकसेवा आयोगबाट कर्मचारी सिफारिस भई नआइन्जेल सम्मको लागि सेवा करारमा लिनको लागि १५ दिने सूचना प्रकाशन गर्ने सर्वसहमतिले निर्णय गरियो।

देहायः

- सब-इन्जिनियर- २
- कार्यालय सहयोगी-१

निर्णय नं.-९

वडा नं.-३, तिरिङ्गेमा तिज विशेष कार्यक्रम सञ्चालन गर्दा भएको खर्चको रकम माग भई आएको हुँदा उक्त रकम आ.व.०८१/०८२ को वार्षिक कार्यक्रमको क्रम संख्या नं. ८२, तिज विशेष कार्यक्रमबाट व्ययभार हुने गरि भुक्तानी गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१०

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस आ.व. ०८१/०८२ को लागि श्रम मन्त्रालयबाट कामको लागि पारिश्रमिक र युवा रुपान्तरण पहल आयोजना सञ्चालन गर्न विनियोजित बजेट रु. ४६,०९२००।- मार्फत ६९ जना सूचीकृत बेरोजगार श्रमिकहरुलाई १०० दिन बराबर रोजगारी प्रदान गर्नु भन्ने मन्त्रालयको निर्देशानुसार यस स्थानीय तहका ६ वटै वडा कार्यालयहरुमा देहाय बमोजिमको बजेट र श्रमिक संङ्या विभाजन गरी वार्षिक बजेट किताबमा छनौट गरिएका आयोजनाहरु मात्र सञ्चालन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

देहायः

| क्र.स. | वडा नं. | बजेट | श्रमिक संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं.-१, नाङखोल्याङ | १००२००० | १५ | |
| २ | वडा नं.-२, थेचम्बु | ९३५२०० | १४ | |
| ३ | वडा नं.-३, तिरिङ्गे | ९३५२०० | १४ | |
| ४ | वडा नं.-४, डुम्रिसे | ६०१२०० | ९ | |
| ५ | वडा नं.-५, चाक्सिबोटे | ४६७६०० | ७ | |
| ६ | वडा नं.-६, थुम्वेदिन | ६६८००० | १० | |
| जम्मा | | ४६०९२०० | ६९ | |

निर्णय नं.-११

यस कार्यालयमा निवेदन दिएका तपसिल बमोजिमका निवेदकलाई विपन्न नागरिक उपचार सहायता कोषबाट व्ययभार हुनेगरी आर्थिक सहायता उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

| क्र.स. | निवेदकको नामथर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | अमृत बहादुर लिम्बु | पाथीभरा याङवरक-३, ताप्लेजुङ। | १५०००। | |

| | | | | |
|---|---|---|---|---|
| २ | किरण राई | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | १५०००। | |
| ३ | हर्क माया भट्टराई | पाथीभरा याङवरक-२, ताप्लेजुङ। | १००००। | |
| ४ | फुलमाया पौडेल | पाथीभरा याङवरक-२, ताप्लेजुङ। | १५०००। | |
| ५ | मुक्तीनाथ घिमिरे | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | १५०००। | |

निर्णय नं.-१२

आ.व.०८१/०८२ को स्वीकृत कार्यक्रमको क्रम संख्या नं.१०१, किवी खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गर्न मितिः२०८१/०६/०७ गते ७ दिने सूचना प्रकाशन गरि प्रस्ताव माग गरिएकोमा श्री दुधिले तान्द्र कृषक समूहको एक मात्र प्रस्ताव प्राप्त भएको हुँदा लागत अनुमान स्वीकृत गरी सम्वन्धित समूहको १५ प्रतिशत लागत साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१३

संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत क्रम संख्या नं. ३२६ सुन्तला जात पकेट विकास कार्यक्रम कार्यान्वयनको लागि मितिः२०८१/०८/०७ गते सूचना प्रकाशन गरी प्रस्ताव माग गरिएकोमा श्री ज्योती कृषक समूहको एक मात्र प्रस्ताव प्राप्त भएको हुँदा, परियोजना कार्यान्वयन मेन्युअल अनुसार कार्यक्रम कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१४

आ.व.०८१/०८२ को स्वीकृत कार्यक्रमको क संख्या नं. १०३ पाथीभरा कोसेली घर स्थापना सहयोग कार्यक्रम कार्यान्वयन गर्न मितिः २०८१/०८/०७ गते दोस्रो पटक ७ दिने सूचना प्रकाशन गरिएकोमा श्री पाथीभरा कृषि तथा पशुपन्छी फर्मको एक मात्र प्रस्ताव पेश भएको हुँदा सम्वन्धित फर्मको १५ प्रतिशत लागत साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो।